मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# ई-सेवा खाता प्रयोगकर्ताका लागि मान्युअल

क ) दर्ता प्रक्रिया

ख ) खाता प्रमाणिकरण गर्ने प्रक्रिया

ग ) ई-सेवा वालेटमा रकम जम्मा गर्ने प्रक्रिया

घ) कारोबारका लागि रकम जम्मा/स्थानान्तरण गर्ने प्रक्रिया

## क ) ई-सेवामा दर्ता हुने प्रक्रिया [Creating a Wallet]


**(यदि तपाई पहिले नै ई-सेवामा दर्ता भइसक्नुभएको छ भने तलको प्रक्रिया गर्नु पर्दैन।)**

ई-सेवा वालेट बनाउन/सिर्जना गर्न दुईवटा प्रक्रियाहरु छन् - वेब वा मोबाइल मार्फत् ।


**वेब मार्फत् गर्दा**

१) www.esewa.com.np मा Login गर्नुहोस् ।

२) तल तस्वीरमा देखाइएका अनुसार Register Click गर्नुहोस्




३) तल तस्वीरमा देखाइएका सबै खाली ठाँउहरु भर्नुहोस् र सबै सही जानकारी प्रदान गरेर आफ्नो ई-सेवा खाता खोल्नुहोस् ।




**मोबाइल मार्फत गर्दा**


“REG” टाइप गरि ३२१२१ मा पठाउनुहोस् ।

## ख) **खाता प्रमाणिकरण गर्ने प्रक्रिया**

**(यदि तपाईको ई-सेवा खाता पहिले देखि नै प्रमाणित भएको छ भने तलको प्रक्रिया गर्नु पर्दैन ।)**

**द्रष्टव्य:** ई-सेवा प्रयोगकर्ताले आफ्नो ई-सेवा खाताबाट सिधै ई-सेवा सम्बन्धित आफ्नो बैङ्क खातामा रकम झिक्न/निकाल्न सक्दछन् । यो सेवा खाता प्रमाणिकरण प्रक्रिया पूरा भइसकेको ई-सेवा प्रयोगकर्तालाई मात्र उपलव्ध हुनेछ ।

१) तल देखाए अनुसार Profile >> Personal Details मा Click गर्नुहोस् । ।




२) विवरण भरेर आवश्यक कागजातहरू प्रदान गर्नुहोस् र प्रमाणिकरणको लागि अनुरोध गर्नुहोस् । प्रमाणिकरण प्रक्रिया पूरा भएको सुनिश्चित गर्नका लागि तपाईंको विवरणहरू ई-सेवा द्वारा वैध र स्वीकृत गरिनेछ ।

वा


आफ्नो परिचयपत्र र हालको पासपोर्ट साइज फोटो लिएर नजिकैको ई-सेवा निर्दिष्ट बैंकको काउण्टर वा ई-सेवा जोनमा जानुहोस् ।

## ग) ई-सेवा वालेटमा रकम हाल्ने/थप्ने प्रक्रिया[Adding Money to your wallet]

१) पहिले देखि नै भएको वा नयाँ बनाइएको ई-सेवा **ID** र **Password** प्रयोग गरेर **Login** गर्नुहोस् ।




२) "Load Fund" मा Click गर्नुहोस् ।




३) आफ्नो वालेटमा पैसा हाल्न तपाईलाई ४ वटा तरिका उपलब्ध गराइएका छन् ।

क) इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग

- ➢ कुनै पनि ई-सेवाको साझेदार बैङ्कले प्रदान गर्ने इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग सेवाबाट तपाईले आफ्नो ई-सेवा वालेटमा रकम जम्मा गर्न सक्नुहुन्छ ।

ख) मित्र वा परिवार (Friends/Family) बाट अनुरोध गर्ने

- तपाईले आफ्नो मित्रहरु वा परिवार का सदस्य लाई रकमका लागि अनुरोध गर्न सक्नुहुन्छ । आफ्ना ई-सेवा प्रयोग गर्ने मित्रहरुलाई तपाईको ई-सेवा खातामा रकम पठाउन अनुरोध गर्न सक्नुहुन्छ ।

ग) ई-सेवा जोन (ई-सेवा वालेटमा नगद जम्मा)


- तपाई आफ्नो नजिकैको ई-सेवा जोनमा गई आफ्नो ई-सेवा वालेटमा नगद जम्म ागर्न सक्नुहुन्छ ।

घ) ई-सेवाका निर्दिष्ट बैंकमा रकम जम्मा गर्ने (आफ्नो वालेटमा नगद जम्म ागर्ने)

- निम्न उल्लिखित कुनै पनि बैङ्कमा गई आफ्नो ई-सेवा वालेटमा नगद जम्मा गर्न सक्नुहुन्छ :
    - प्रभु बैंङ्
    - ग्लोबल आई एम ई बैंङ्
    - सिद्धार्थ बैंङ्
    - जनता बैंङ्
    - महालक्ष्मी बिकास बैंङ्
    - टुरिजम् डेभलप्मेन्ट बैंङ्

४) कुनै एउटा तरिका छान्नुहोस् । वालेटमा पैसा हाल्नलाई त्यहाँ दिइएको निर्देशन पढ्नुहोस् र पालना गर्नुहोस् ।


५) रकम हालिसकेपछि आफ्नो “Available Balance” हेर्नुहोस् र रकम प्राप्त गरेको नगरेको पुष्टि गर्नुहोस् ।




**नोट :** अप्रमाणित ई-सेवाप्रयोगकर्ताहरुको लागि (परिचय प्रमाणिकरण प्रक्रिया पूर्ण नभएको) वालेटमा जम्मा गर्न सकिने रकम सीमा रु.९,९९९ हो । कुनै पनि समयमा वालेटमा जम्मा गर्न सकिने रकम तोकिएको सीमा भन्दा बढी भएमा तपाईको ई-सेवा खाता अवरुद्ध गरिनेछ । असीमित कारोबार गर्नका लागि खाता प्रमाणिकरण प्रक्रिया पूरा गनुहोस् Profile>> Personal Details>> Identity Verification बाट) ।

## घ) कारोबारका लागि रकम जम्मा/स्थानान्तरण गर्ने प्रक्रिया [Paying Online/By Mobile]

१) "Insurance/Finance/EMI" मा Click गर्नुहोस् ।



२) HCC Segregate Account’ मा Click गर्नुहोस्




३) तपाईको पूरा नाम, सहि ग्राहक कोड र जम्मा गर्ने रकम भर्नुहोस् र ‘Proceed’ मा Click गर्नुहोस् ।

